Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY
ESTD: 2057
25th
RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: ३७ | वि.सं. २०८३ जेठ ६ बुधवार | नेपाल संवत: ११४५, | ज्येष्ठ शुक्ल चतुर्थी | Wednesday 20 May 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

# कर्णालीका सामुदायिक विद्यालयमा शिक्षकको अभाव

**विद्यालय क्षेत्र सुधार योजना अनुसार पहाडी जिल्लामा एक जना शिक्षक बराबर ३५ विद्यार्थी हुनुपर्दछ । कर्णालीका १० वटै जिल्ला पहाडी क्षेत्रमा पर्ने भएकाले प्रति शिक्षक ३५ विद्यार्थी हुनुपर्ने हो । तर, अवस्था भने एक शिक्षकले आधारभूत तहमा ६२ जनासम्म विद्यार्थीलाई एकै कोठामा राखेर पढाउनु परिरहेको छ ।**




**ओम शाही**
**सुर्खेत, ५ जेठ ।**

हेरक वर्ष नयाँ शैक्षिक सत्र प्रारम्भ हुँदा सुर्खेत वीरेन्द्रनगर नगरपालिका-६, स्थित जन नमुना माध्यमिक विद्यालय विद्यार्थी भर्ना शूल्कको विषयमा विवादमा परिरहन्छ । संविधानको धारा ३१ ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क पाउने हक हुनेछ भन्छ ।

त्यस्तै, प्रत्येक नागरिकलाई राज्यबाट माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक पनि संविधानको धारा ३१ ले सुरक्षित गर्छ । संविधानमा भएको यही व्यवस्था अनुसार सामुदायिक विद्यालयले कुनै पनि शिर्षकमा विद्यार्थी भर्ना होस् वा अन्य प्रयोजनार्थ शुल्क लिन पाउदैनन् । तर, जन माविले विद्यार्थी भर्ना शुल्क नभई अभिभावक सहयोग वा चन्दाका नाममा रकम लिने गरेको छ ।

यही कारण वर्षेनी यो विद्यालय विवादमा तानिन्छ । जन नमुना माविले अभिभावकबाट रकम उठाउनुका पछाडि भने एउटा ठुलो कारण जोडिएको छ । त्यो हो विद्यार्थी अनुपातमा शिक्षकको चरम अभाव । जन नुमना कर्णाली प्रदेशमै ठुलो र आन्तरिक आम्दानीमा पनि बलियो भएको सामुदायिक विद्यालय हो । यसले झण्डै तीन हजार बढी विद्यार्थीलाई गुणस्तरीय शिक्षा दिइरहेको छ ।

विद्यालयको जग्गामा बनेका संरचना व्यवसायिक भाडामा लगाएर आन्तरिक आम्दानी गर्ने यो विद्यालयमा विद्यार्थीको संख्याका आधारमा शिक्षकको चरम खडेरी भोगिरहेको छ । विद्यार्थीको ओइरो लाग्ने जन माविलाई सरकारले आवश्यकता अनुसारका शिक्षक दिन सकेको छैन ।

जसका कारण विद्यालयले निजी र अभिभावकले दिएको चन्दाको भरमा शिक्षक व्यवस्थापन गर्न बाध्य बनिरहेको छ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गोविन्द कोइरालाले विद्यालयमा करिब साढे तीन हजार विद्यार्थी भए तापनि सरकारी दरबन्दीले केवल १३ सय विद्यार्थीलाई मात्र धान्न सक्ने स्थिति रहेको बताउछन् । बाँकी विद्यार्थीका लागि शिक्षक र कर्मचारीहरूको व्यवस्थापन अभिभावक तथा स्थानीय समुदायको सहयोगबाट गर्नुपर्ने बाध्यता रहेको उनले बताए ।

न्यून तलब र पेशागत असुरक्षाका कारण दक्ष शिक्षकहरू टिकाइराख्न कठिन हुँदा शिक्षाको गुणस्तरमा समेत नकारात्मक असर परिरहेको उनको भनाई छ । आन्तरिक स्रोतबाट सेवा सुविधा कम हुनेभएपछि शिक्षक खोज्नै मुस्किल पर्ने गरेको अध्यक्ष कोइराला बताउछन् ।

उनी भन्छन्, '१० वटै जिल्लाका बालबालिकालाई शिक्षा दिइरहेका छौं । तर, विद्यार्थी संख्याको अनुपातमा शिक्षक निकै कम छन् । आवश्यक शिक्षक तथा कर्मचारीको व्यवस्थापनमा राज्य गम्भीर नबन्दा विद्यालय सञ्चालनमा निकै चुनौती झेल्नु परेको अवस्था छ । यसले शिक्षाको गुणस्तरमा समेत असर पारेको छ ।'

यस्तै, राम्रा सामुदायिक विद्यालय मध्यको सुर्खेतको वीरेन्द्रनगर नगरपालिका-११, को अमरज्योति नमुना माध्यमिक विद्यालयले पनि शिक्षकको अभाव झेलिरहेको छ । अमरज्योतिले पनि वर्षेनी अभिभावकबाट स्वैच्छिक चन्दा उठाएर सामुदायिक विद्यालयको साख जोगाइरहेको छ ।

सुर्खेतको बराहताल गाउँपालिका-५, स्थित जनज्योति माध्यमिक विद्यालयले पनि विद्यार्थीको अनुपातमा शिक्षक पाउन सकेको छैन । जनज्योतिका प्रधानाध्यापक नारायणप्रसाद सिग्देल भन्छन्, 'विद्यार्थीको संख्या धेरै छ । तर, दरवन्दी अनुसार शिक्षक हुनुहुन्न । भएको जनशक्तिले भरथेग चलेको छ । एउटा शिक्षकले धेरै विद्यार्थी पढाउदा शिक्षाको गुणस्तरमा प्रभाव परको छ ।'

उल्लेखित विद्यालयले मात्र नभई कर्णाली प्रदेशका १० वटै जिल्लाका सामुदायिक विद्यालयहरुले तहगत विद्यार्थी संख्याको अनुपातमा चरम शिक्षक अभाव झेलिरहेका छन् । विद्यार्थीको अनुपातमा शिक्षक नहुँदा विद्यालयहरुले निजी स्रोत वा अन्य वैकल्पिक शिक्षकहरुको भरमा पठन-पाठन गराउनु पर्ने बाध्यता छ ।

कर्णालीमा विषयगत शिक्षकको समेत चरम अभाव छ । जसका कारण वर्षेनी शिक्षाको गुणस्तर सुध्रनुको साटो बिग्रदै गएको कक्षा ८, एसईई र कक्षा १२ को नतिजाले पुष्टि गररहेका छन् ।

शिक्षा तथा मानव संशाधन विकास केन्द्रको फ्लास प्रतिवेदन २०८१ ले कर्णालीका सामुदायिक विद्यालयमा सरकारी दरबन्दीका शिक्षकहरु निकै कम रहेको देखाउछ । विद्यालय क्षेत्र सुधार योजना अनुसार पहाडी जिल्लामा एक

बाँकी ३ पेजमा

## माथिल्ला कक्षामा शिक्षकको चरम अभाव

कर्णालीमा प्राथमिक तहमा विद्यार्थीको अनुपातमा शिक्षकको संख्या तुलनात्मकरुपमा सन्तुलित देखिन्छ । प्राथमिक तहमा नेपालमा औसत १८.२ (कुल शिक्षकमा) छ भने कर्णालीमा १९.६ छ ।

प्राथमिक तहमा विद्यार्थीको अनुपातमा कालीकोटमा सबैभन्दा बढी २९.१ र डोल्पामा सबैभन्दा कम १३.७ विद्यार्थी अनुपात रहेको तथ्यांकले देखाउछ । यस्तै, आधारभूत तहमा शिक्षकको अभाव बढी देखिन्छ ।

स्वीकृत दरवन्दीका आधारमा सल्यानमा एक शिक्षकले ६२.२ विद्यार्थीलाइ पढाउनु पर्ने अवस्था छ । यो निकै चुनौतीपूर्ण अवस्था हो । माध्यमिक तह कक्षा ११ र १२ ले पनि शिक्षकको चरम अभाव झेलिरहेको छ ।

विशेष गरी सल्यानमा स्वीकृत दरवन्दीका आधारमा ८२.८ र रुकुम पश्चिममा ७१.८ विद्यार्थी बराबर एक शिक्षक छन् । यसले उच्च माध्यमिक तहमा सरकारी दरवन्दीका शिक्षकको ठुलो अभाव रहेको देखाउछ । कर्णालीमा शैक्षिक सत्र २०८१ सम्म आइपुग्दा तीन हजार चार सय ३५ सामुदायिक छन् ।

# एक महिनामा २०५ अपराधका मुद्दा दर्ता

**युग संवाददाता**
**नेपालगञ्ज, ५ जेठ ।**



प्रहरीले बाँकेमा एक महिनाका अवधिमा विभिन्न अपराधका २०५ मुद्दा दर्ता गरेको छ । जिल्ला प्रहरी कार्यालय, बाँकेले आज जिल्लाभरको प्रगति प्रतिवेदन सार्वजनिक गर्दै गत वैशाख महिनामा मात्रै ती मुद्दा दर्ता भएको जनाएको हो ।

जिल्ला प्रहरी कार्यालय, बाँकेका प्रहरी नायब उपरीक्षक दीपक पातलीले प्रहरीमा दर्ता भएका मुद्दामध्ये जघन्य तथा गम्भीर प्रकृतिका १० तथा ६१ वटा र सामान्य अपराध अन्तर्गतका १३४ वटा रहेको जानकारी दिए ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसँग सम्बन्धित नौ वटा घटनामा ११ जनालाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । त्यसैगरी, आर्थिक अपराधसम्बन्धी ३४ वटा घटना प्रहरीमा दर्ता भएका छन् । चालु मुद्दाका प्रतिवादी पक्राउ अभियानअन्तर्गत वैशाख महिनामा १८७ जना पक्राउ परेका छन् ।

सार्वजनिक चासो रहेका १९ वटा 'पेन्डिङ' मुद्दाको सफल अनुसन्धान गरिएको प्रहरी नायब उपरीक्षक पातलीले बताए । यस अवधिमा सम्पत्ति शुद्धीकरणसम्बन्धी एक वटा मुद्दासमेत दर्ता भएको जानकारी दिइएको छ ।

जिल्ला प्रहरी कार्यालय बाँकेले फैसला कार्यान्वयन अभियानअन्तर्गत वैशाख महिनामा ७६ जना फरार प्रतिवादीलाई पक्राउ गरेको जनाएको छ । उनका अनुसार पक्राउ परेका प्रतिवादीबाट कुल १० वर्ष दुई महिना २० दिन कैद सजाय कार्यान्वयन बाँकी छ । उनीहरूलाई अदालतबाट तोकिएको रु ४७ लाख २७ हजार ४३० बिगो तथा क्षतिपूर्ति रकम असुलका लागि पक्राउ परेकालाई अदालत बुझाइएको छ ।

### बीस सवारी दुर्घटनामा चार जनाको मृत्यु

जिल्ला प्रहरी कार्यालय बाँकेले गत वैशाख महिनामा जिल्लाभर २० सवारीसाधन दुर्घटना भएको जनाएको छ । प्रहरीले सार्वजनिक गरेको विवरणअनुसार दुर्घटनामा परी चार जनाको मृत्यु भएको छ भने १८ जना घाइते भएका छन् ।

सवारीसाधन दुर्घटनाका कारण विश्लेषण गर्दा अधिकांश दुर्घटना चालकको लापरबाहीका कारण भएको देखिएको छ । तथ्याङ्कअनुसार १९ दुर्घटना चालकको लापरबाही तथा एउटा दुर्घटना मादक पदार्थ सेवन (मापसे) का कारण भएको प्रहरीले जनाएको छ ।

त्यसैबीच, सवारी जाँच अभियानअन्तर्गत वैशाख महिनामा दुई हजार ७८ सवारीसाधनका चालकमाथि कारबाही गरिएको छ । उक्त कारबाहीबाट रु १८ लाख ६२ हजार राजस्व सङ्कलन भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालयले गते वैशाख महिनामा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसँग सम्बन्धित १०४ उजुरी दर्ता भएको जनाएको छ । तीमध्ये ८३ वटा उजुरी फछ्र्योट गरिएको तथा २१ वटा उजुरी फछ्र्योट हुन बाँकी छ ।

त्यस्तै, घरेलु हिंसातर्फ वैशाख महिनामा झै-झगडासम्बन्धी ७४ उजुरी दर्ता भएका छन् । तीमध्ये ५४ घटनामा मिलापत्र गराइएको जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएको छ ।

## आत्महत्या समस्याको समाधान होइन ।

**आत्महत्यका प्रमुख कारण**

- मानसिक तनाव, डिप्रेशन वा निराशा,
- पारिवारिक झगडा वा सम्बन्ध विच्छेद र प्रेममा असफलता,
- बेरोजगारी, आर्थिक संकट र लाग्नु,
- हिनताबोध, आवेश र घुर्की देखाउनु,
- व्यक्तिगत र पारिवारिक इच्छा, आकांक्षा पूर्ती हुन नसक्नु,
- सोचे अनुसार सफलता प्राप्त नहुनु,
- सामाजिक बहिष्कार वा दुव्यवहार आदि ।

**रोकथामका उपायः**

- आफन्त, साथी वा विश्वासिलो व्यक्तिसँग समस्या साटासाट गरौं,
- तनाब वा समस्या परेमा मनोचिकित्सक वा परामर्शकर्ताको सहयोग लिऔं,
- आत्महत्याको सोच आएमा तत्काल परिवारका सदस्यलाई बताऔं वा सहायता केन्द्रमा सम्पर्क गरौं,
- तनाव र निराशामा रहेका व्यक्तिको समस्या सुनौ र सहयोग गरौं ।


**एक अर्काको सहारा बनौं, आत्महत्या होइन समाधान खोजौं ।**

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत ।

GANGAMALA
TRAVELS & TOUR PVT. LTD

CAR WASH

Birendranagar-12, Surkhet
gttpvt@gmail.com
9851329169, 9858052810



● MINI BUS ● JEEP/CAR
● EV VAN ● SUMO JEEP

## सम्पादकीय....

# वित्तीय अनुशासन कायम गराऊ !

महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको ६३ औं बार्षिक प्रतिवेदनले कर्णाली प्रदेशको सार्वजनिक वित्त व्यवस्थापनको पाटो अझै चुस्त हुन नसकेको देखाएको छ। प्रतिवेदन अनुसार प्रदेश सरकार अन्तर्गतका मन्त्रालय तथा निकायहरूको बेरुजु र कम घट्नुको साटो बर्षेनी बढ्दो क्रममा छ। आर्थिक वर्ष २०८०/०८१ मा चार अर्ब १२ करोडभन्दा बढी पुगेको बेरुजु रकम गत आर्थिक वर्ष २०८१/०८२ मा थप ७७ करोड रुपैयाँभन्दा बढीले बढेको छ। अझ चिन्ताजनक पक्ष के छ भने बेरुजु दर पनि १.२२ प्रतिशतबाट बढेर २.०८ प्रतिशत पुगेको छ। यसले प्रदेश सरकारको वित्तीय अनुशासन, पारदर्शिता र जवाफदेहितामाथि गम्भीर प्रश्न उठाएको छ। बेरुजु सामान्य प्रशासनिक त्रुटि मात्र होइन, यो सार्वजनिक स्रोतको उपयोगमा देखिएको कमजोरी हो। सरकारी रकम खर्च गर्दा नियम, प्रक्रिया र प्रमाण पूरा नगरी खर्च गरिनु, हिसाब मिलान नहुनु वा पेस्की लामो समयसम्म फर्स्योट नहुनु सुशासनको दृष्टिले गम्भीर विषय हुन्।

कर्णालीजस्तो सीमित स्रोत भएको प्रदेशमा बेरुजु बढ्नु झन् खतरनाक हो, किनकि यहाँको विकासको गति नै संघीय अनुदान र सीमित बजेटमा निर्भर छ। तर, उपलब्ध स्रोतको समेत प्रभावकारी उपयोग हुन नसक्नुले समस्या केवल स्रोत अभावको नभई व्यवस्थापन क्षमताको पनि रहेको स्पष्ट देखाउँछ। महालेखाको प्रतिवेदनले कर्णाली प्रदेशको अर्को कमजोर पक्ष पनि देखाएको छ–बजेट खर्च गर्ने क्षमता। गत आर्थिक वर्षमा ल्याइएको कुल बजेटको केवल ६३.६७ प्रतिशत मात्र खर्च हुन सक्नु सातै प्रदेशमध्ये सबैभन्दा कमजोर अवस्था हो। विकासका नाममा बजेट ल्याउने तर, कार्यान्वयन गर्न नसक्ने प्रवृत्तिले जनतामा निराशा बढाएको छ। अझ प्रदेशले आफ्नो कुल खर्चको आधा हिस्सा पनि आन्तरिक स्रोतबाट जुटाउन नसक्नुले आर्थिक आत्मनिर्भरता अझै टाढाको विषय रहेको देखाउँछ। संघीय सरकारको अनुदानमा अत्याधिक निर्भरता रहिर हँदा त्यसको सदुपयोगसमेत प्रभावकारी हुन नसक्नु गम्भीर विडम्बना हो। कर्णाली प्रदेश सरकारका लागि अब यो सामान्य तथ्यांकको विषय मात्र होइन, विश्वासको संकटको विषय बनिसकेको छ।

बेरुजु बढ्दै जानु, खर्च क्षमता कमजोर रहनु र आन्तरिक आम्दानी सुदृढ गर्न नसक्नुले प्रदेशको समग्र प्रशासनिक क्षमता माथि प्रश्न खडा गरेको छ। महालेखा परीक्षकले सुझाएझैँ वित्तीय उत्तरदायित्व कडाइका साथ लागू गर्नु, खर्च प्रक्रियामा पारदर्शिता कायम गर्नु र विकास योजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्नु अपरिहार्य बनेको छ। अन्यथा बेरुजुका अंकहरू मात्र बढ्ने छैनन्, प्रदेश सरकारप्रतिको जनविश्वास पनि क्रमशः क्षीण हुँदै जानेछ। प्रदेश स्थापना भएको झण्डै १० वर्ष पुग्न लाग्दासमेत वित्तिय अनुशासन कायम हुन नसक्नु आफैमा राजनीतिक र प्रशासनिक नेतृत्वकर्ताको असक्षमता हो। जबसम्म सार्वजनिक वित्त व्यवस्थापनको पाटो बलियो बनाउन सकिदैन, तबसम्म समृद्धिका सपना पुरा हुनेवाला छैनन्। प्रदेश सरकारलाई वित्तिय अनुसानमा चलाउन प्रतिपक्षले पनि खासै भूमिका निभाउन सकेको देखिदैन। सरकारलाई संसदबाट जनमुखि बनाउने कार्यमा प्रतिपक्षले आवाज उठाउन आवश्यक छ।

# विकासको ग्रामीण मोडेल



विपुल पोखेल

नेपालको विकास बहस एउटा विरोधाभासमा अल्झिएको छ- सहर जस्तो गाउँ बनाउने कि गाउँलाई गाउँकै रूपमा समृद्ध बनाउने। गाउँलाई सहर बनाउनु नै विकासको यात्रा ठान्ने र ठुलठुला बाटो अनि अग्ला अग्ला घरलाई विकासको सूचक मान्ने मानसिकताले हामीलाई गाँज्दै लगेको छ। हाम्रो एउटा पुस्ता विदेश गएर फर्कियो अनि सुनायो, "विदेशमा निकै विकास भएको छ।" अर्को पुस्ताले सोध्यो, "के भएको छ र त्यहाँ त्यस्तो ?" फर्कनेहरूले एकै स्वरमा भने, "ठुला अनि चिल्ला बाटा छन्, अग्ला अग्ला घर छन्।" दुई पुस्ताको यो संवाद निकै समय चल्यो। अहिले तेस्रो पुस्ता त विदेश जान खुट्टा उचालेर बसेको छ। विदेश पुग्नासाथ भन्छ, "हो रहेछ, बाबुबाजे पुस्ताले भने झैँ बाटो पनि ठुला अनि घर पनि अग्ला। यो पो विकास त।"

विदेश, जहाँको विकासको चर्चा गरियो, त्यहाँ ठुला बाटो र अग्ला घर बन्नुभन्दा पहिले के कस्तो गरियो, उनीहरूको विकासको प्राथमिकतामा के थियो, उनीहरूको आन्तरिक स्रोत के कति र कसरी निर्माण हुँदै आएको हो भन्ने प्रश्नको उत्तर अपेक्षा गरिएन। परिणामस्वरूप हाम्रो विकासको आफ्नै परिभाषा बन्न पाएन। पढेलेखेको वर्गले पनि सोचेन। राजनीतिक नेतृत्वले त झनै सिङ्गापुर जस्तो बनाउने भनेर विदेशको नक्कल गर्नु नै विकास गर्नु हो भन्ने भाष्य खडा गरिदिए। जसको आफ्नो विकासको परिभाषा नै छैन, उसले के आधारमा विकासका योजना बनाउने ?

हामीले दशकौँदेखि विकासलाई केवल 'कङ्क्रिटको जङ्गल' र 'ठुला मेसिन' को चस्माबाट हेर्‍यौँ। आज गाउँ रित्तिएका छन्, खेतबारी बाँझिएका छन् र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा बिदेसिने युवाको लाम देखेपछि मात्रै हामी आत्तिन थालेका छौँ। उनीहरूलाई कसरी रोक्ने भन्ने प्रश्नलाई आवश्यकताभन्दा बढी महत्व दिएर त्यसरी बाहिर जानुलाई समस्याका रूपमा मात्र स्थापित गर्दै छौँ। बसाइँसराइको केही सामान्य नियम अनि नयाँ पुस्ताको चाहनाले मानिसलाई एक ठाउँबाट अर्को ठाउँमा जान प्रेरित गरिरहेको हुन्छ पनि।

विदेश पलायनको समस्याको वैज्ञानिक विश्लेषण गर्न सक्नु पर्छ। त्यसरी गरिएको विश्लेषणले हामीलाई आत्तिने र अलमलिनेभन्दा पनि यो अवस्थालाई दीर्घकालीन नीति निर्माणको अवसर ठानेर कसरी सदुपयोग गर्ने भन्नेबारेमा सोच्न प्रेरित गर्ने छ। विदेश पलायन हाम्रो विकासको तौरतरिका नमिल्दा र नागरिकलाई सत्ताले अवसर दिन नसक्दा जन्मेको समस्या हो। अब यो समस्यामा अल्झिरहने होइन, समस्याको कारण बुझेर सम्बोधनको बाटोमा लाग्ने योजना बनाउनु पर्छ। यो सोचाइले हामीलाई बिपी कोइरालाको 'हलो जोत्ने किसानलाई हेरेर योजना बनाउने' र इएफ सुमाकरको 'स्मल इज ब्युटिफुल' (साना एकाइ सुन्दर हुन्छन्) को दर्शनमा टेकेर काम गर्न प्रेरित गर्ने छ।

नेपालको सन्दर्भमा ग्रामीण सभ्यता केवल भूगोल होइन, यो एक जीवनपद्धति र राजनीतिक अर्थशास्त्र हो। हाम्रो ग्रामीण सभ्यताले मानवीय संवेदनासहितको विकास खोजेको हो। भाइचाराको सम्बन्ध नबिग्रने गरी अवसर र रोजगारी खोजेको थियो। आजभन्दा २०-२५ वर्षअगाडि गाउँमा घर बनाउँदा 'पाहुना आउँदा सुत्ने कोठा' को समेत नक्सा बन्थ्यो। पाहुना आउँदा हुने संवादले नयाँ पुस्तालाई व्यावहारिक शिक्षा प्रदान गर्थ्यो। मानिसको सम्बन्ध कसरी जोडिन्छ भन्ने विषय संवादको केन्द्र हुन्थ्यो। समस्या अभिव्यक्त गर्ने र समाधान वा सहकार्यका उपाय खोजी हुन्थ्यो। त्यो चरित्रको नेपाली ग्रामीण सभ्यताको दार्शनिक पक्षलाई न नीतिनिर्माताले सम्बोधन गर्न सके न त राजनीतिज्ञले त्यसको महत्वलाई जीवन्त राख्न सके। विकासको आफ्नै मौलिक दृष्टिकोण बन्न नसक्दा हाम्रा थुप्रै प्रयत्न र बजेट टालटुलमै सकिएका छन्। हामी ग्रामीण सभ्यताको विकास मोडलमा जाने कि सहरी सभ्यताको ?

जननायक बिपी कोइरालाले भनेका थिए, "नेपालको योजना कोर्दा एक गरिब किसानले हलो जोतिरहेको तस्बिरलाई अगाडि राखेर बनाउनु।" यसको अर्थ विकासको लाभ सबैभन्दा तलको मानिससम्म पुग्नु पर्छ भन्ने हो। महात्मा गान्धीको 'ग्राम स्वराज' को अवधारणाले पनि गाउँलाई आत्मनिर्भर एकाइ बनाउनुपर्नेमा जोड दिन्छ। यी दुई चिन्तकको सार एउटै थियो- जबसम्म गाउँ आर्थिक रूपमा सबल हुँदैन, तबसम्म राष्ट्रको जग बलियो हुँदैन। दुवै दर्शनको प्रस्ट मार्गदर्शन छ- गाउँलाई आत्मनिर्भर एकाइ बनाउने योजनासाथ विकास बजेट विनियोजन गरौँ। त्यहीँका नागरिकलाई विकासको स्रोत बनाऔँ। निर्णय र निर्माण प्रक्रियामा उनीहरूलाई जोडौँ अनि विकासको साध्य मानिसलाई नै ठानौँ। प्रक्रियामा जोड्दै गर्दा नागरिकलाई साधन मात्र ठान्ने भुल नगरौँ, विकासको असली साध्य नागरिक नै हुन् र हुनु पर्छ।

नेपालले विश्वव्यापी औद्योगिक दौडमा चीन र भारत जस्ता विशाल अर्थतन्त्र भएका छिमेकीसँग प्रतिस्पर्धा गर्न सक्दैन। ठुला उद्योगका लागि आवश्यक पर्ने विशाल पुँजी, सस्तो श्रम र बजारमा उनीहरूको आधिपत्य छ। छिमेकी देशका ठुला मेसिन र प्रविधिसँग प्रतिस्पर्धा गर्न खोज्दा हाम्रो पुँजी पलायन हुने र स्वदेशी लगानी डुब्ने जोखिम उच्च रहन्छ। नेपालको औद्योगिक यात्रा स्थानीय कच्चा पदार्थमा आधारित साना र मझौला उद्योगमा केन्द्रित हुनु पर्छ। यो काममा पनि हामी आफ्नो मात्र लगानी गरेर सफलता पाउन सक्दैनौँ। हाम्रा दाजुभाइले रोजगारी पाउने र हाम्रै कच्चा पदार्थको अधिकतम सदुपयोग गर्ने ढङ्गको औद्योगिक मार्गमा हिँड्नु पर्छ। बाहिरबाट लगानी ल्याउन सकिने अवस्थाको सुनिश्चितता पनि खोज्नु पर्छ। तत्कालीन प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले भनेका थिए, "भारतीय व्यवसायीको पनि लगानी लगाएर 'ज्वाइन्ट भेन्चर' मा उद्योग चलाउनुस्, तब भारत पनि तपाईंको उत्पादनको बजार बन्न सक्छ।"

हामीलाई हाम्रो आवश्यकता, सम्भावना, रोजगारी अवसरको सिर्जना र कच्चा पदार्थको सदुपयोगको दृष्टिबाट औद्योगिक नीति बनाउन प्रेरित गर्छ। हाम्रो देशमा अहिले पनि कुल जनसङ्ख्याको ६० प्रतिशतभन्दा बढी मानिस कृषिमा आश्रित छन्। कुल गार्हस्थ उत्पादन (जिडिपी) मा यसको योगदान खुम्चिएर २४ प्रतिशतको हाराहारीमा पुगेको छ। यसले कृषिको उत्पादकत्व बढ्न नसकेको देखाउँछ। कृषि उपजलाई हामीले उद्योगको कच्चा पदार्थ बनाउने गरी खेती प्रणालीको विकास गर्नेतर्फ सोच्नुपर्ने भएको छ। कृषिमा काम गर्नेको जनसङ्ख्या खुम्चिनु समस्या वा चिन्ताको विषय होइन। बरु हाम्रो सामर्थ्यले भ्याउने उपकरणको विकास र उपलब्धतालाई सुनिश्चित गरी थोरै संख्याबाट धेरै उत्पादनको बाटोमा जान सकिने विकल्पमा काम गर्न सकिन्छ।

सबै कृषिमा मात्रै होमिँदा निर्वाहमुखी कृषिको मानसिकता रहने र उत्पादनका अन्य क्षेत्रतर्फ नसोच्ने अवस्थाको निर्माण हुन सक्छ। कृषिमा अतिनिर्भरताको नीतिले मात्रै पनि हामीलाई सन्तुलित विकासको यात्रामा हिँड्न सिकाउने छैन। भन्सार विभागको तथ्याङ्क अनुसार वार्षिक करिब तीन खर्ब रुपियाँभन्दा बढीको कृषिजन्य वस्तु आयात भइरहेको छ। ग्रामीण अर्थतन्त्र बलियो हुन्थ्यो र गाउँहरू आत्मनिर्भर केन्द्रका रूपमा विकास हुन्थे भने यो रकम गाउँमै रोकिने थियो। दैनिक करिब तीन हजार युवा रोजगारीका लागि बिदेसिन्छन् भन्ने अनुमान गरिन्छ। यसको मुख्य कारण गाउँमा आर्थिक आकर्षणको अभाव हुनु हो। ठुला मेसिनले मानिसको ठाउँ लिँदा नेपाल जस्तो श्रम प्रचुर देशमा बेरोजगारी झन् बढ्छ। ग्रामीण अर्थतन्त्रको अवधारणासहितको विकास यात्राले मात्र हाम्रो रोजगारीको अवसरलाई बढाउन सक्छ।

इएफ सुमाकरले 'मध्यम प्रविधि' को वकालत गरेका छन्। नेपालको भूगोल जटिल छ। यहाँ अर्बौं खर्चेर ल्याइने विदेशी मेसिनभन्दा स्थानीयले सञ्चालन र मर्मत गर्न सक्ने साना सिँचाइ पम्प, लघुजलविद्युत् र कृषि प्रशोधन केन्द्र बढी प्रभावकारी हुन्छन्। यसले रोजगारी सिर्जना गर्छ। साना उद्योगले मेसिनभन्दा मानिसलाई बढी काम दिन्छन्, जसले युवा पलायन रोक्ने छ। यसबाट राष्ट्रिय पुँजी निर्माणमा पनि योगदान पुग्ने छ। स्थानीय स्रोत र श्रमको प्रयोग हुँदा पैसा बिदेसिन पाउँदैन, जसले आन्तरिक चक्रीय अर्थतन्त्रलाई बलियो बनाउँछ।

ग्रामीण अर्थतन्त्रको प्रमुख चुनौती 'बिचौलिया' तन्त्र हो। यो अहिलेको सबैभन्दा चिन्ताको विषय बनेको छ। किसानले पाउने मूल्य र उपभोक्ताले तिर्ने मूल्यबिचको ठुलो खाडलले ग्रामीण अर्थतन्त्रलाई सोसेको छ। यहाँ राज्यले हस्तक्षेपकारी भूमिका खेल्नु पर्छ। स्थानीय सरकारले किसानको उत्पादन न्यूनतम समर्थन मूल्यमा खरिद गर्ने र बजारसम्म पुऱ्याउने अभ्यास थाल्ने हो भने त्यसले बिचौलियाको प्रभावलाई न्यून गर्दै जान्छ। वस्तुको ब्रान्डिङ र बजारीकरणका लागि राज्यले भरपर्दो संरचना निर्माण गर्नु पर्छ ताकि गाउँको उत्पादनबारे सहर र विश्व बजारले पनि जानकारी पाओस्। राज्यको अर्को महत्वपूर्ण दायित्व भनेको अहिलेको सूचना प्रविधिको अप्रत्यासित विकास र त्यससम्मको पहुँचलाई ग्रामीण सभ्यताको विकास मोडेल कार्यान्वयनमा कसरी सहयोगी र अवसर बनाउन सकिन्छ भन्ने धारणा बनाएर त्यस अनुसारको सिकाइ प्रदान गर्न आवश्यक छ। कृषिसँगै विकासका सबै हिस्सासँग आधुनिक प्रविधिलाई जोड्ने र इन्टरनेटलाई नयाँ युगको नयाँ अवसरका रूपमा अभ्यासमा लैजाने मोडेललाई पनि उत्तिकै प्राथमिकता दिन जरुरी छ।

नेपालका लागि अबको बाटो 'सहरी सभ्यताको अन्ध अनुकरण' होइन, बरु 'ग्रामीण सभ्यतामा आधारित आधुनिक अर्थतन्त्र' हो। यसलाई हामीले नेपालको मौलिक मोडेल पनि भन्न सक्छौँ। ठुला मेसिनतर्फको आकर्षणभन्दा गहिरोसँग माटो पल्टाउन सक्ने उन्नत हलो निर्माण गर्न सकौँ, हाम्रै सिपले प्रयोग गर्न सकिने र पुँजी पलायन पनि नहुने प्रविधिको उत्पादनमा राज्यका एकाइले काम गरून्। यहाँ हलो एउटा उदाहरण हो, हामीले प्रयोग गर्न मात्र होइन, निर्माण गर्न सक्ने परम्परागत साधनको सूचीलामै बन्न सक्छ। बिपी कोइरालाले भने झैँ विकासको समग्र प्रक्रियामा सहभागी गराइएका नागरिकलाई साधन ठान्ने होइन कि साध्य ठान्ने मोडेलमा जानुपर्ने छ। एउटा किसानको तस्बिर हेरेर योजना बनाउनु भन्ने बिपीको दर्शन आजका लागि हामी कस्तो विकासको बाटोमा जाने भन्ने विषयको खोजी गर्न प्रेरित गर्ने दर्शन बन्नु पर्छ।

पुँजीवादी अभ्यास र सहरी रमझममा हराउन थाल्यौँ भने हामी ठुला देशको उपभोक्ता बन्ने र हाम्रो देश उनीहरूको एकलौटी बजार बन्ने निश्चित छ। त्यो अवस्थामा हाम्रो राष्ट्रियता कमजोर हुन्छ नै, दैनिक गुजारा गर्न पनि उपभोग्य वस्तु आयातलाई निरन्तर बनाइराख्न जस्तोसुकै सम्झौता गर्न पनि बाध्य हुनु पर्छ। विकासको आफ्नै परिभाषा बनाउने, त्यहाँसम्म पुग्न मौलिक मोडल तयार गर्ने र सबै नागरिकलाई विकास प्रक्रियामा सहभागी गराउने सन्दर्भमा हामी अलमलिनु हुँदैन। संवेदनासहितको ग्रामीण सभ्यता र अर्थतन्त्र नै हाम्रा लागि स्वाभिमानी अर्थतन्त्र हुने छ। यसले हाम्रो राष्ट्रियता सबल बनाउँदै लैजाने छ। यसो गर्दा हामीले जडता त्यागेर उदार भाव भने बोक्नै पर्छ। हामीले सहरी सभ्यताका असल अभ्यास स्विकार्नै पर्छ।

सूचना प्रविधि, आधुनिक स्वास्थ्य सेवा र सञ्चार सञ्जाललाई गाउँसम्म पुऱ्याउने कुरा, पुँजीको परिचालन, बैङ्कको अभ्यास, औचित्यका आधारमा ठुला आयोजना (गाउँलाई विस्थापित गर्न होइन, गाउँको उत्पादनलाई विश्व बजारसँग जोड्ने सर्तमा) लाई अपनाउने कुरा र निजी क्षेत्रको लगानी प्रवर्धनमा सन्तुलित योजना र नियमनसहितको अभ्यास गर्ने बाटो खुला छाड्नु पर्छ। यसो नगर्दा हाम्रो ग्रामीण सभ्यता पछाडि धकेलिन सक्ने र आधुनिक सुविधाको लाभ गाउँले नपाउने खतराप्रति पनि हामीले ध्यान पुऱ्याउनु पर्छ। संसारसँगै आधुनिक सुविधाको लाभको उपभोग गर्ने तर हाम्रो उत्पादन र अर्थतन्त्रको मूल आधार गाउँकै मौलिकता र आत्मनिर्भरता हो भन्ने विषयबिचको सन्तुलनबाट मात्र हामी सही ठाउँमा पुग्न सक्छौँ भन्नेमा स्पष्ट हुन आवश्यक छ।

*(गोरखापत्र)*

## विश्व

# कङ्गोमा इबोला बढ्दो प्रकोप बारे डब्ल्यूएचओ चिन्तित

**जेनेभा, ५ जेठ।**
विश्व स्वास्थ्य सङ्गठनका प्रमुख टेड्रोस एड्हानोम गेब्रेयससले कङ्गो लोकतान्त्रिक गणतन्त्रमा फैलिएको इबोला प्रकोप बारे चिन्ता व्यक्त गरेका छन्। उनले पछिल्लो समयमा युगान्डामासमेत फैलिरएको इबोला प्रकोपका कारणले १३१ जनाको मृत्यु भएको बताएका छन्।

डब्ल्यूएचओका प्रमुख गेब्रेयससले यस अघि आइतबार इबोला प्रकोपलाई अन्तर्राष्ट्रिय चिन्ताको विषय भन्दै सार्वजनिक स्वास्थ्य आपतकाल (पीएचईआईसी) घोषणा गरेका थिए।

जेनेभामा विश्व स्वास्थ्य सभामा बोल्दै उहाँले इबोलाको महामारीको परिमाण र गतिको बारेमा चिन्तित रहेकाले आतपकालको घोषण गरेको जनाएका छन्।

उहाँले आवाश्यक सल्लाहका लागि मङ्गलबार पछि एजेन्सीको आपतकालीन समिति बोलाउने बताउनु भएको छ।

कङ्गोका स्वास्थ्य मन्त्रीले गत हप्ताको अन्त्यमा घोषणा गरिएको इबोला प्रकोपबाट १३१ जनाको मृत्यु भएको उल्लेख गर्दै ५१३ जना सङ्क्रमित भएको बताएका छन्।

कङ्गोको उत्तरपूर्वी इटुरी प्रान्तमा अहिले सम्म ३० जना इबोला संक्रमित भएको पुष्टि भएको टेड्रोसले बताएका छन्।

युगान्डाले पनि डब्लूएचओलाई राजधानी कम्पालामा दुई जनामा सङ्कमण पुष्टि भएको जानकारी दिएको छ, जस मध्ये एक जनाको मृत्यु भएको डब्लुएचओको वार्षिक बैठकमा बताइएको छ।

उनले एक जना अमेरिकी नागरिकमा सङ्कणको रिपोर्ट सकारात्मक पुष्टि भए पछि जर्मनीमा सारिएको अमेरिकाले रिपोर्ट गरेको बताएका छन्।

सङ्क्रमणको पुष्टि भएका मामिलाहरूको सङ्ख्या र क्षेत्र बढ्दै जाँदा सङ्क्रमितको सङ्ख्या अझै बढ्ने बताउदै टेड्रोसले सङ्क्रमण पत्ता लगाउने प्रयोगशाला र परीक्षणलाई सुदृढ पार्नु आवाश्यक रहेको बताएका छन्।

उहाँले कम्पाला लगायतका सहरी क्षेत्रहरूका, साथै कङ्गोली सहर गोमामा सङ्क्रमणका घटनाहरू रिपोर्ट गरिएको बताउदै यस क्षेत्रमा उल्लेखनीय जनसंख्याको आवागमन भएको पनि औंल्याएका छन्।

इटुरी प्रान्त अत्यधिक सङ्मणबाट असुरक्षित रहेको बताउदै उनले पछिल्लो समयमा बढ्दो द्वन्द्वले यस क्षेत्रमा एक लाख भन्दा बढी मानिसहरूलाई नयाँ विस्थापित भएको बताएका छन्।

उहाँले स्वास्थ्य कार्यकर्ताहरूको समेत इबोला सङ्क्रमणको कारण मृत्यु भएको रिपोर्ट गरिएको उल्लेख गरेका छन्।

टेड्रोसले महामारी बुन्डिबुग्यो स्ट्रेन, "इबोला भाइरसको एक प्रजाति भएको बताउदै यसको लागि कुनै खोप वा उपचार नभएको कारणले उच्च सतर्कता अपनाउनु पर्ने बताएका छन्।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |

## आजको राशिफल

**मेष** – नयाँ काम प्रारम्भ गर्ने समय छ। मिहिनेतले दिगो फाइदा दिलाउनेछ। पहिलेको उपलब्धिले उत्साह जगाउनेछ।

**वृष** – अध्ययनमा प्रगति हुनेछ भने लेखनमा निखारता आउनेछ। सुखद् समाचारले उत्साह जगाउनेछ। आम्दानीका स्रोत बढ्नेछन्।

**मिथुन** – रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्नेछ। मिहिनेतको परिणामले आत्मविश्वास बढाउनेछ। विशेष अवसरले प्रसन्नता दिलाउनेछ।

**कर्कट** – पछिका लागि खर्चनुपर्ने समय रहेको हुँदा धेरै रकम जोहो गर्नुमर्ला। सोखले विलासी वस्तुहरूमा खर्च गराउनेछ। उठ्नुपर्ने रकम तत्काल उठाउँदा लाभांशमा घाटा लाग्न सक्छ।

**सिंह** – कामको राम्रै मूल्यांकन भए पनि प्रतिफल हातपार्न केही समय लाग्नेछ। अरूको मुख ताक्ने बानीले पछि परिनेछ।

**कन्या** – पुराना कामको चर्चा हुनेछ र नयाँ काम गर्ने अवसर जुट्नेछ। विशेष भेटघाटले उत्साह जगाउनेछ। प्रयत्न गर्दा सामाजिक जिम्मेवारी प्राप्त हुनेछ।

**तुला** – काम थाल्न समय लागे पनि सम्भावना खोजी गर्ने समय छ। आजको मिहिनेतले भविष्यमा नाम र प्रतिष्ठा दिलाउन सक्छ।

**वृश्चिक** – स्वास्थ्य कमजोर रहनाले सोचेको उपलब्धि तत्काल नपाइएला। मिहिनेत परे पनि समयमा काम नबन्न सक्छ।

**धनु** – बिछोडिएका आफन्तजनसँग रमाइलो भेटघाट हुनेछ। प्रेम र मित्रताको बन्धन कसिनेछ। परिवारजनको साथले उत्साह जगाउनेछ।

**मकर** – प्रतिस्पर्धामा उत्रनुपरे पनि बुद्धिको उपयोगले प्रतिष्ठा जोगाउन सफल भइनेछ। स्रोतसाधन जुट्नाले दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ।

**कुम्भ** – समयमा आफ्नो हक दाबी गर्न नसक्दा कम मात्र लाभांश प्राप्त हुनेछ। धेरै मिहिनेतले मात्र चिताएको काम सम्पादन हुनेछ।

**मीन** – परिस्थितिअनुसार निर्णय लिन नसक्दा काम दोहोर्‍याउनुपर्ने हुन सक्छ। हिस्सेदारसँग असमझदारी बढ्नाले पहिलेको सम्झौता भंग हुन सक्छ।

# चार पुस्तापछि अंशबण्डा, तर नटुटेको सम्बन्ध
# गर्भमै रहेको शिशुसम्मलाई अंश छुट्याउने थारु परम्परा

**सरला सुवेदी**
**बर्दिया, ५ जेठ ।**



बर्दियाको खाता क्षेत्रस्थित पत्थरबोजी गाउँमा यतिबेला एउटा अनौठो दृश्य देख्न सकिन्छ । एउटै आँगनमा वर्षौंदेखि संयुक्त रूपमा बस्दै आएको ५९ सदस्यीय विशाल थारु परिवार अहिले छुट्टिएर आ-आफ्नो घर बनाउने तयारीमा जुटेको छ । तर यहाँको अंशबण्डा केवल जमिन बाँड्ने प्रक्रिया होइन, यो परम्परा, समानता र सामूहिकताको जीवन्त अभ्यास पनि हो ।

थारु समुदायको परम्पराअनुसार अंशबण्डा गर्दा खेतबारीदेखि घरका इँटा, काठ, भाँडाकुँडा र दैनिक प्रयोगका सामग्रीसम्म बराबरी गरिन्छ। अझ गर्भमा रहेको शिशुलाई समेत भविष्यको हकदार मानेर अंश छुट्याइने चलन यहाँ अझै जीवित छ ।

चार पुस्तादेखि एउटै छानामुनि बस्दै आएको यो परिवारले माघी पर्वमा आपसी सहमतिमै छुट्टिने निर्णय गरेको हो । कानुनी रूपमा अंशबण्डा प्रक्रिया पूरा नभए पनि परिवारका सदस्यहरूबीच कुनै विवाद छैन । बरु अहिले सबैजना सामूहिक श्रमदानमा जुटेर नयाँ घर निर्माण गरिरहेका छन् ।

गाउँमा काठ, खर र माटोले बनेका परम्परागत घरहरू लहरै उठिरहेका छन् । कसैको घरमा काठ बोक्ने, कसैको घरमा छाना छाउने, त कतै माटो पोत्ने काममा परिवारका सदस्यहरू सँगै देखिन्छन् । छुट्टिए पनि सम्बन्ध नटुटेको यो दृश्यले थारु समुदायको सामाजिक एकताको गहिरो अर्थ झल्काउँछ ।

घरमुली मङ्गल थारुका अनुसार अंशबण्डाले केवल जिम्मेवारी बाँडेको हो, सम्बन्ध भने अझै उस्तै छ । "पहिले जस्तै दुःख-सुखमा सबै सँगै छौं," उनले भने । संयुक्त परिवार हुँदा खेतीपातीदेखि घरायसी कामसम्म आलोपालो हुने गरेको थियो । विशेषगरी खाना पकाउने जिम्मेवारी पालैपालो सर्ने गर्थ्यो । जेठी बुहारी राम दुलारी चौधरीका अनुसार सगोलमा हुँदा एकजनाको डेढ महिनासम्म खाना पकाउने पालो आउँथ्यो । "काम बाँडेर गर्दा सजिलो हुन्थ्यो, अहिले हरेक घरले आफ्नो काम आफैं गर्नुपर्छ," उनले बताए ।

पारिवारिक संरचना फेरिए पनि यो बस्तीको अर्को पुरानो समस्या भने उस्तै छ–जङ्गली हात्तीको त्रास। पत्थरबोजी क्षेत्र नेपाल र भारत जोड्ने खाता जैविक मार्ग (कोरिडोर) मा पर्ने भएकाले यहाँ हात्तीको आवतजावत नियमितजस्तै हुन्छ । बर्सेनि हात्तीले घर भत्काउने, अन्नबाली नष्ट गर्ने र धनजनको क्षति पुऱ्याउने समस्या स्थानीयले झेलिरहेका छन् ।

वन्यजन्तुजन्य जोखिम कम गर्न स्थानीय स्तरमा विभिन्न प्रयास पनि भइरहेका छन् । खाता सामुदायिक वन समन्वय समितिले विद्युतीय तारबार, जनचेतना कार्यक्रम र लघु बीमाजस्ता योजना सञ्चालन गर्दै आएको छ । समितिका अध्यक्ष हरि गुरुङका अनुसार खाता क्षेत्रका चार हजार भन्दा बढी घरधुरीलाई बीमा कार्यक्रममा समेटिएको छ । उक्त बीमाबाट वन्यजन्तुको आक्रमणबाट क्षति पुगेका परिवारले डेढ लाख रुपैयाँसम्म राहत पाउने व्यवस्था गरिएको छ ।

तर समस्या अझै गम्भीर छ । परम्परागत माटो, बाँस र खरका घरहरू हात्तीको आक्रमणमा सजिलै भत्किन्छन् । आर्थिक अवस्था कमजोर भएकाले सबैले पक्की घर निर्माण गर्न सक्ने अवस्था छैन। संयुक्त परिवारबाट अलग भएर नयाँ जीवन सुरु गर्न लागेका मङ्गल थारुका सन्तानहरूका लागि अहिले सांस्कृतिक पहिचान जोगाउने कि सुरक्षाको चिन्ता गर्ने भन्ने दोहोरो चुनौती खडा भएको छ ।

यद्यपि, कठिनाइका बीच पनि यो बस्तीले एउटा महत्वपूर्ण सन्देश दिएको छ–अंश छुट्टिए पनि आत्मीयता छुट्टिँदैन । मानव-वन्यजन्तु द्वन्द्वको जोखिमबीच पनि सहकार्य, परम्परा र सहअस्तित्वलाई जोगाएर अघि बढिरहेको पत्थरबोजीको यो बस्ती अहिले थारु समुदायको जीवनशैली र सामाजिक एकताको सशक्त उदाहरण बनेको छ ।

# अवैध रुपमा गिट्टी बालुवा उत्खनन गर्नेलाई कारबाही गरिने

**युग संवाददाता**
**जुम्ला, ५ जेठ ।**

जिल्ला प्रशासन कार्यालयले नदीमा अवैध रुपमा गिट्टी, बालुवा उत्खनन् गर्नेलाई कानुनी कारबाही गर्ने भएको छ । प्रशासनको आयोजनामा सोमबार भएको मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना र विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना कार्यक्रममा प्रमुख जिल्ला अधिकारी दीपक पौडेलले विशेषगरी तिला र हिमा नदीमा अवैध रुपमा नदीजन्य र खानीजन्य ढुङ्गा, गिट्टी, बालुवा निकाल्ने काम भइरहेको बताए ।

जिल्लामा हुने विपद्को बैठकमा पटकपटक अवैध रुपमा सञ्चालन भएका क्रसर उद्योगलाई बन्द गर्न निर्देशन दिए पनि सुनुवाइ नभएको उल्लेख गर्दै उनले विनादर्ता र अनुमतिविना सञ्चालित क्रसर उद्योगलाई बन्द गरिने बताए ।

नदीजन्य तथा खानीजन्य पदार्थ उत्खनन गर्ने उद्योग बन्द नगरी अटेर गरेमा कानुनबमोजिम कारबाही गरिने प्रमुख जिल्ला अधिकारी पौडलेको भनाइ छ । जिल्लामा सञ्चालित कतिपय विकास निर्माणका आयोजनाले काम सकिएपछि पनि क्रसर उद्योग चलाएर गिट्टी, बालुवा बिक्री गर्दै आएको नागरिक समाजका संयोजक राजबहादुर महतले बताए ।

नदीनालाबाट जबर्जस्ती ढुङ्गा, गिट्टी, बालुवा उत्खननले भविष्यमा ठूलो विपद्को समस्या खडा गर्न जिल्ला समन्वय समितिका समन्वय अधिकारी रोमबहादुर महतले जानकारी दिए । स्थानीय सरकारको आफ्नो प्रमुख आन्तरिक राजस्व सङ्कलनमा वृद्धि गर्न जथभावी उत्खनन गरेका नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवालाई कानुन दायरमा ल्याइने चन्दननाथ नगरपालिका प्रमुख राजुसिंह कठायतले बताए ।

विपद्का बेला समयमै प्रतिकार्य योजना निर्माण गरी विपद् व्यवस्थापनलाई चुस्त र प्रभावकारी बनाउन आवश्यक रहेको तातोपानी गाउँपालिका अध्यक्ष नन्दप्रसाद चौलागाईले बताए । क्रसर उद्योगको मापदण्ड र उत्खननलाई व्यवस्थापन गर्नुपर्ने कार्यक्रमका सहभागीको भनाई छ । नदीका किनारमा रहेका अधिकांश उद्योग अवैध रुपमा सञ्चालन हुने गरेको जनगुनासो व्यापक आउने गरेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

# जडीबुटी प्रशोधन प्लान्ट अलपत्र

**युग संवाददाता**
**कञ्चनपुर, ५ जेठ ।**

शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा स्थानीय बासिन्दाको आयआर्जन बढाउने उद्देश्यले दातृ निकायको सहयोगमा जडान गरिएका लाखौं रुपैयाँ मूल्यका जडीबुटी प्रशोधन प्लान्ट बजार अभावका कारण अलपत्र परेका छन् । मध्यवर्ती क्षेत्रका किसानले जडीबुटी खेती गर्न छाडेपछि लाखौं मूल्यपर्ने प्लान्ट अलपत्र अवस्थामा रहेका हुन् ।

शुक्लाफाँटा नगरपालिका-६ को कसरौल, वडा नं. ७ जुडा र वडा नं ८ बेलडाँडीमा स्थापना गरिएका जडीबुटी प्रशोधन प्लान्ट सञ्चालनविहीन अवस्थामा रहेका छन् । मानव-वन्यजन्तु द्वन्द्व कम गर्दै निकुञ्ज आसपासका बासिन्दालाई वैकल्पिक आयआर्जनमा जोड्ने उद्देश्यले जडीबुटी खेती प्रवर्द्धन गरी प्लान्ट जडान गरिएको थियो । प्लान्ट राख्ने टहरासँगै दातृ निकायले जडीबुटी सुकाउने सेड हाउससमेत निर्माण गरेका थिए । सेड हाउससमेत जीर्ण अवस्थामा छन् ।

मध्यवर्ती क्षेत्रको सुनदेवी उपभोक्ता समूहका अध्यक्ष भरतबहादुर विष्टका अनुसार वन्यजन्तुले नोक्सान नगर्ने भएकाले क्यामामाइल, मेन्थालगायत जडीबुटी खेतीलाई प्रोत्साहन गरिएको थियो । "स्थानीयले प्रशोधन गरी तेल उत्पादन गरेर राम्रो आम्दानी गर्न थालेका थिए", उनले भने ।

उनका अनुसार, सुरुआती वर्षमा किसानले उत्पादित क्यामामाइल र मेन्था तेल प्रतिलिटर रु २५ हजारदेखि रु ४० हजारसम्ममा बिक्री गरेका थिए । व्यापारी घरमै आएर नगदमा तेल खरिद गर्न थालेपछि किसान उत्साहित हुँदै खेती विस्तारमा लागेका थिए ।

त्यसपछि बजार मूल्य लगातार घट्दै गयो । व्यापारीले प्रतिलिटर रु १० हजार र पछि पाँच हजार रुपैयाँसम्म दिन बाध्य बनाए । "तेस्रो वर्षमा त तेल किन्ने व्यापारी नै भेटिन छाडे", स्थानीय किसान जनक साउदले भने, "लागतसमेत नउठ्ने अवस्था आएपछि खेती छाड्न बाध्य भयौं ।"

किसानका अनुसार प्रशोधित तेल एक वर्षसम्म घरमै थन्क्याएर राख्नुपरेको थियो । "एकपटक नेपालगञ्ज पुऱ्याएर निकै सस्तो मूल्यमा बेचेर फर्किनुपऱ्यो", किसान जयबहादुर ऐरले भने । बजार व्यवस्थापन नहुँदा किसानले जडीबुटी खेती छाडेपछि करिब लाखौं मूल्यका प्रशोधन प्लान्ट प्रयोगविहीन बनेका छन् । स्थानीय किसानका अनुसार एउटै प्रशोधन प्लान्टको मूल्य रु सात बढी पर्ने गर्दछ । भरपर्दो बजार व्यवस्थापन र मूल्य सुनिश्चित हुने हो भने मध्यवर्ती क्षेत्रका किसान अझै पनि जडीबुटी खेती गर्न इच्छुक छन् ।

# पोषण कार्यक्रमको समीक्षा



**युग संवाददाता**
**सुर्खेत, ५ जेठ ।**

सुर्खेत जिल्लाका नौ वटै स्थानीय तहमा बहुक्षेत्रीय पोषण कार्यक्रमको प्रभावकारिताका बारेमा समीक्षा गरिएको छ । प्रदेश योजना आयोगले ४ र ५ जेठमा आयोजना गरेको समीक्षा गोष्ठीमा सुन्दर नेपाल संस्थाद्वारा सञ्चालित पोषण परियोजनाको प्रभावकारिताका बारेमा समीक्षा गरिएको थियो ।

कार्यक्रमको मुख्य उद्देश्य बहुक्षेत्रीय पोषण कार्यक्रमलाई कागजी नीति मात्र नभई स्थानीय तहसम्म व्यवहारिक रूपमा कार्यान्वयन गर्नु, पोषणमैत्री स्थानीय शासनलाई संस्थागत बनाउनु, तथा स्वास्थ्य, शिक्षा, कृषि, खानेपानी र सरसफाइ क्षेत्रबीच समन्वय मजबुत बनाउँदै बाल तथा मातृ पोषण सुधार गर्नु रहेको आयोजकले जनाएको छ ।

गोष्ठीमा सुर्खेत जिल्लाका नौ वटै स्थानीय तहका प्रमुख, उपप्रमुख, सम्बन्धित पालिकाका पोषण शाखा प्रमुख तथा विषयगत शाखाका कर्मचारीहरूको सहभागिता थियो । सहभागी सबै स्थानीय तहहरूले बहुक्षेत्रीय पोषण कार्यक्रमलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्दै पोषणमैत्री स्थानीय शासनलाई संस्थागत बनाउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

साथै, आगामी दिनमा पोषण सुधारलाई दीगो बनाउन स्थानीय तह, प्रदेश सरकार र विकास साझेदारबीच अझ प्रभावकारी समन्वय आवश्यक रहेको निष्कर्ष निकालिएको छ ।

# 'राजधानीमा डिजिटल प्रविधिको कुरा हुन्छ, तर कर्णालीमा टेलिफोनका टावरले काम गर्दैन'

**युग संवाददाता**
**काठमाडौँ, ५ जेठ ।**

सांसद टीका सङ्ग्रौलाले कर्णाली र सुदूरपश्चिम क्षेत्रको विकासको निम्ति राज्यले लगानी बढाउनुपर्ने बताएका छन् । प्रतिनिधिसभाको बैठकको शून्य समयमा उहाँले भन्नुभयो, "काठमाडौँमा रेल र सुरुङमार्गको चर्चा चलिरहँदा कर्णालीमा डोकामा बिरामी बोकेर घण्टौं हिँड्नुपर्ने अवस्था छ, सहरमा अवसरको बहस भइरहँदा मधेसका युवा तातो घाममा बेरोजगार हिँडिरहेका छन्, र राजधानीमा डिजिटल प्रविधिको कुरा चलिरहँदा नेटवर्क समस्याका कारण फोनमा कुरा गर्न पनि रुखमा चढ्नुपर्ने अवस्था छ, सुदूरपश्चिमका पहाडहरू विकासको तीव्र प्रतीक्षामा छन् ।"

सांसद प्रा डा चन्द्रमोहन यादवले भने, "धनुषा निर्वाचन क्षेत्र नं ४ स्थित मिथिला नगरपालिकाको वडा नं ७ मा डेडिकेटेट ट्रमा सेन्टरका लागि करिब चार बिघा जग्गा प्राप्ति भइसकेको छ, तर अहिलेसम कहाँ फाइल अड्किएको हो भन्ने थाहा पाउन सकिएको छैन, हाम्रो जस्तो देश, जहाँ शिक्षा र स्वास्थ्यमा बढी लगानी हुनुपर्छ, त्यसैले डेडिकेटेट ट्रमा सेन्टर निर्माणको काम अगाडि बढाउन माग गर्दछु ।"

सांसद जगतप्रसाद जोशीले सडक निर्माण, पुनर्निर्माण, स्वास्थ्यचौकी, खानेपानी ट्ङ्याकी निर्माणलगायत विकास निर्माणमा सरकारको ध्यानाकर्षण गराए । उनले भने, "निर्वाचनमा वाचा गरेका छौं, सडक ठिक समयमा बन्नेछन्, भ्रष्टाचार बन्द हुनेछ, औसत आयमा वृद्धि हुनेछ, शिक्षाको सूचकाङ्क वृद्धि हुनेछ, यी सबै उपलब्धि पूरा हुन सबै काम समयमा पूरा हुन जरुरी छ, त्यसका लागि स्थानीय, प्रदेश र सङ्घीय सरकारबीच मिलेमतो हुन जरुरी छ ।" सांसद जगदीश खरेलले ललितपुर जिल्लाका विभिन्न स्थानबाट मूर्तिकलाहरू चोरी भएको भन्दै कला र संस्कृतिको संरक्षणमा ध्यान दिन सरकारसँग आग्रह गरे ।

त्यसैगरी, सांसद जगदीश खरेल (दोलखा), जनकराज गिरी, जनकसिंह धामी, झविलाल डुम्रे, ठाकुरसिंह थारू, तारा विश्वकर्मा, ताहीर अली भाट, तौफिक अहमत खान, दीपककुमार साह (सुनसरी), धनन्जय रेग्मी, धनेन्द्र कार्की, धर्मराज केसी, ध्रुवराज राई, नरेन्द्रकुमार केरुङ, नरेन्द्रकुमार गुप्ता, नितिमा भण्डारी (कार्की), निरासा चौधरी (डगौरा), निशा डाँगी, निश्कल राई, नीनुकुमारी कर्ण, पवित्रा विक, परशुराम तामाङ, पार्वती विक, पुकार बम, पुरुषोत्तम सुप्रभात यादव, पुष्पाकुमरी चौधरी, प्रकाश गौतम, प्रकाश पाठक, प्रदीप विष्ट, प्रभा ढकाल, प्रमिलाकुमार गच्छदार, प्रमिला कुलुजु, प्रशान्त उप्रेती, प्रेमबहादुर बयक, प्रेमलाल चौधरी, बदनकुमार भण्डारी र बब्लु गुप्तालगायतले स्थानीय तथा राष्ट्रिय समस्याका बारेमा सदनलाई जानकारी गराए ।

**वीरेन्द्रनगर नगरपालिका**
**नगर कार्यपालिका कार्यालय**
**सुर्खेतको संधियारका नाउमा जारी ७ दिने सूचना**

(प्रकाशित मिति २०८३/०२/०६ गते

सुर्खेत वी.न.नपा. बस्ने श्री विरेन्द्र ब. खड्काले यस वी.न.न.पा. साविक वीन.नपा १० कि.नं. १२०७ क्षेत्रफल ०-०-६¹/⁴ वर्ग मी. मा घर निर्माणका लागि नक्सा पास गरिदिन यस न.पा. कार्यालयमा निवेदन दिए बमोजिम/सर्जमिन मुचुल्काका लागि लगत बुझ्न जाँदा संधियार उपस्थित नभएको र हुन नसक्ने स्थिति भएको भन्ने बुझिएकोले तल उल्लेख भए अनुसारको कि.नं. का जग्गाधनीहरुको सांध सिमानामा निजको घर बनाउँदा कोही कसैलाई मर्कापर्ने भए आफुलाई मर्का परेको सबै विवरण खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस कार्यालय/संयुक्त वडा कार्यालयमा उजुर बाजुर गर्न हुन यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र पर्न नआएका उजुरीप्रति कुनै कारवाही गरिने छैन ।

**तपसिल :**
**पूर्व जग्गाधनी** : गंग ब. छन्तेल
**पश्चिम जग्गाधनी** : शान्ति राज पौडेल
**उत्तर जग्गाधनी** : छापे ऐडी
**दक्षिण जग्गाधनी** : करसिह राना

# सात महिनामा भित्रियो १२ खर्ब रेमिट्यान्स

**युग संवाददाता**
**काठमाडौँ, ५ जेठ ।**

चालु आर्थिक वर्षको पहिलो सात महिनामा १२ खर्ब रुपैयाँ रेमिट्यान्स भित्रिएको छ । नेपाल राष्ट्र बैंकले बुधबार सार्वजनिक गरेको वित्तीय स्थिति रिपोर्टअनुसार साउनदेखि माघ मसान्तसम्म मिट्यान्स रकम ३९.८ प्रतिशतले वृद्धि भई १२ खर्ब ६१ अर्ब १ करोड रुपैयाँ रेमिट्यान्स भित्रिएको हो । गत आर्थिक वर्षको यसै अवधिको तुलनामा ७.५ प्रतिशतले बढेको थियो ।

गत आर्थिक वर्षको यो अवधिमा विप्रेषण आप्रवाह १३७ अर्ब ५० करोड रहेको थियो । चालु आवको माघ महिनामा मात्रै १९८ अर्ब ८ करोड रहेको छ । अघिल्लोसमीक्षा अवधिमा अमेरिकी डलरमा विप्रेषण आप्रवाह ३३.० प्रतिशतले वृद्धि भई ८ अर्ब ८६ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह ५.५ प्रतिशतले बढेको थियो ।

समीक्षा अवधिमा खुद द्वितीय आय (खुद ट्रान्सफर) १३ खर्ब ८४ अर्ब २७ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय ९८६ अर्ब ३४ करोड रहेको थियो ।समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको सऽ्या २ लाख ४५ हजार १५३ र पुनः श्रम स्वीकृति लिनेको सऽ्या २ लाख २७ हजार ४२४ रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सऽ्या क्रमशः २ लाख ७४ हजार ६२२ र १ लाख ९० हजार ८८६ रहेको थियो ।

## कर्णालीका...

जना शिक्षक बराबर ३५ विद्यार्थी हुनुपर्दछ ।

कर्णालीका १० वटै जिल्ला पहाडी क्षेत्रमा पर्ने भएकाले प्रति शिक्षक ३५ विद्यार्थी हुनुपर्ने हो । तर, अवस्था भने एक शिक्षकले आधारभूत तहमा ६२ जनासम्म विद्यार्थीलाई एकै कोठामा राखेर पढाउनु परिरहेको छ । तथ्यांक अनुसार कर्णालीमा माध्यमिक तह कक्षा ११ र १२ मा पनि शिक्षकको चरम अभाव देखिन्छ । माध्यमिक तहमा एउटा शिक्षकले ७१ जनासम्म विद्यार्थीलाई पढाउने गरेको सरकारी तथ्यांकले नै देखाउछ ।

कर्णालीमा स्वीकृत शिक्षकको आधारमा विद्यार्थीको संख्या धेरै देखिन्छ भने, कुल शिक्षकको आधारमा यो संख्या घटेको देखिन्छ । तथ्यांक अनुसार स्वीकृत दरबन्दीका शिक्षकका आधारमा कक्षा १-५ मा एक शिक्षकले २२.७ विद्यार्थीलाई पढाइरहेका छन् । त्यस्तै, कक्षा ६-८ मा ४९.५, कक्षा ९-१० मा ४०.४ र कक्षा ११-१२ मा ४८.६ विद्यार्थीलाई एक शिक्षकले पढाइरहेका छन् ।

त्यस्तै, कुल शिक्षकका आधारमा कक्षा १-५ मा एक शिक्षकले १९.६ विद्यार्थीलाई पढाइरहेको देखिन्छ । कक्षा ६-८ मा २९.३, कक्षा ९-१० मा ३५.४ र कक्षा ११-१२ मा ४८.६ विद्यार्थीलाई एक शिक्षकले पढाइरहेको सरकारी तथ्यांकले देखाउछ ।

**भेरीगंगा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**मिति : २०८३/०१/०६**

मिति २०८२ /१२/१५ गते यस भेरिगंगा नगरपालिकामा तपशिल बमोजिमका कार्यको लागि बिधुतिय बोलपत्र माध्ययम द्वारा सुचना आह्वान गरि मिति २०८३/०१/१६ गते दिनको १२:०० बजे सम्ममा दर्ता भएका बोलपत्रहरु मुल्यांकन समितिले मुल्यांकन गर्दा तपसिलमा उल्लेखित बोलपत्रहरु न्युनतम मुल्यांकित र सारभूत रुपमा प्रभावग्राही देखिएकोले स्वीकृतको लागि छनौट भएको हुदा सार्बजनिक खरिद (पहिलो शंसोधन) ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स. | ठेक्का नं. | योजनाको नाम | स्वीकृत हुने फर्म र ठेगाना | कबोल अंक (मु.अ.क. बाहेक) | कैफियत |
|---|---|---|---|---|---|
| १. | BGM/IDB/ NCB/ GOODS/ 2082/083-32 | ५०% अनुदानमा मिनी टिलर खरिद तथा वितरण कार्य | श्री साहारा ट्रेड सेन्टर, विरेन्द्रनगर, सुर्खेत | रु ८६,१२,०८०.००/- | |

**नि. प्रमुख प्रशासकीय अधिकृत**

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

# 'बालविवाह मानवअधिकारको गम्भीर उल्लंघन'

**◣युग संवाददाता**
**सुर्खेत, ५ जेठ ।**

कर्णाली प्रदेशसभाका सभामुख नन्दा गुरुङले बालविवाहले मानवअधिकारको गम्भीर उल्लंघन भइरहेको बताएकी छन् । मंगलबार राष्ट्रिय मानवअधिकार आयोगले आयोजना गरेको बालविवाहले मानवअधिकार उपभोगमा पार्ने प्रभावका सम्बन्धमा प्रदेशका सांसदहरुसँगको परामर्श विषयक कार्यक्रममा बोल्दै सभामुख गुरुङले यस्तो बताएकी हुन् ।



उनले मानवअधिकार भन्नाले केवल बाँच्न पाउने अधिकार मात्र नभएको उल्लेख गर्दै प्रत्येक व्यक्तिले मर्यादित, सम्मानित, सुरक्षित तथा गुणस्तरीय जीवन जिउन पाउने अधिकार सुनिश्चित हुनुपर्ने बताइन ।

'बालविवाहले मानवअधिकारको गम्भीर उल्लंघनको रूपमा स्थापित भएको छ । बालविवाहले वालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार, स्वास्थ्यको अधिकार, स्वतन्त्र निर्णयको अधिकार, सुरक्षित भविष्यको अधिकार तथा सम्मानपूर्वक जीवन जिउने अधिकारमाथि प्रत्यक्ष असर पुऱ्याउँछ,' उनले भनिन् ।

बालविवाहले बालिकाहरू घरेलु हिंसा, मातृस्वास्थ्य सम्बन्धी जटिलता, आर्थिक परनिर्भरता तथा सामाजिक विभेदको जोखिममा पर्ने अवस्था सिर्जना हुने उनको भनाई थियो ।

'प्रचलित कानूनले बिहेवारी बीस बर्ष पारी भन्ने मान्यतालाई आत्मसात् गरिनुको मुख्य उद्देश्य किशोर किशोरीहरू शारीरिक, मानसिक, सम्वेगात्मक, सामाजिक तथा आर्थिक रूपमा सक्षम भएपछि मात्र वैवाहिक जीवनमा प्रवेश गरून् भन्ने हो,' उनले भनिन्, 'नेपालमा अझै पनि विभिन्न सामाजिक, आर्थिक तथा परम्परागत कारणले बालविवाह चुनौतीका रूपमा विद्यमान छ ।

त्यसैले यसको अन्त्यका लागि कानुनी कार्यान्वयनसँगै शिक्षा, जनचेतना, महिला सशक्तीकरण तथा सामुदायिक सहभागिता अपरिहार्य छ ।' बालविवाह नियन्त्रण गर्नु सामाजिक विकृति अन्त्य गर्नु मात्र नभई मानवअधिकारको संरक्षण र संवर्द्धन गर्नु रहेको सभामुख गुरुङको भनाई थियो ।

त्यस्तै, उपसभामुख योसोधा न्यौपानले बालविवाहले बालबालिकाको शिक्षा, स्वास्थ्य, आत्मनिर्णय र सम्मानपूर्वक बाँच्न पाउने अधिकारमाथि प्रत्यक्ष असर गरिरहेको बताइन । बालविवाह बालबालिकाको भविष्यसँगै समग्र मानव अधिकारमाथी गम्भीर असर पार्ने सामाजिक विकृति रहेको उनको भनाई थियो । सांसद हिक्मत विष्टले विवाहको उमेर घटाउनु पर्ने माग गरे । उनले २० वर्ष नपुग्दै गरिने विवाहलाई अपराधिकरण गरेर मात्र यसको अन्त्य नहुने दावी गरे ।।

## घुयँत्रो

मोरङ २ बाट चुनाब जितेका रास्वपा सांसद कृष्ण कुमार कार्की सर्बाधिक चर्चामा छन । रास्वपा भन्ने बित्तिकै सबै दुधले नुहाएका सच्चा र ईमान्दार हुन्छन उनरले अपराध भन्ने कुरा गरेकै हुन्नन अथवा निर्अपराधि र स्वच्छहरुको एकमात्र पाटि भनेकै रास्वपा हो भन्ने नेपालिहरुको मानसिकता र घण्टीका घण्टेहरुका विषयमा सामान्यत असहमति राखेर सामाजिक सन्जालमा लेख्ने बित्तिकै अरिङ्गाल खनियर्भैं खनियर त्यो व्यक्तिलाई दुधले नुहाएर गंगाजीको जल सेचन गरि राख्ने रास्वपाका झोले सन्जालकर्ताहरुले एकदिन रास्वपालाईनै लिएर डुब्नेछन । रास्वपाभित्र सहिलाई सहि र गलतलाई गलत भन्ने छुट्याउनै नचाहने जमातले गर्दा रास्वपा बिस्तारै बदनाम हुँदैछ । कोहि काम गराउन हातपाखुरा र पावर देखाउँछन अनि कोहि अपराध लुकाउन रास्वपामा आउँछन । बालेन सरकार बनेको केही दिन नबित्दै बिस्तारै रास्वपाका कर्तुतहरु देखिन थालेभने अन्तत बालेनले चाहेजस्तो समाज र देश कसरी बन्छ था छैन । चुनाबमा दुईतिहाई ल्याएको जमातको नेतृत्व गर्न सहज छैन । आखिर रास्वपा कार्यकर्ताहरुनि छुट्टै संसारबाट आएका हैनन । त्यै भष्टाचारी छाडा पुराना दलबाट अबसर नपाएकाहरुनै आएका हुन हिजोसम्म हिजोसम्म तिनिहरुले अङ्गालेका चरित्र एकदुई पटक घण्टी बजाएर छातिमा घण्टीको लकेट भिर्दैमा र पकेटमा पाटिको टिकट हाल्दैमा चरित्रमा आमूल परिवर्तन र सत्चरित्र काँ अङ्गिकार भै सक्छ र ? "यह तो सिर्फ टेलर है खेलतो अभि बाँकी है " भन्याजस्तो भर्खरत एकदुईटा अपराध र अपराधिहरु रास्वपाका नाममा देशैभर भाईरल भा छन सत्ता चलाउँदै गर्दा कार्यकर्ताका हर्कत अँझै कति आउने हुन हेर्न बाँकि नैछ ।आखिर ती पनि त एक पटक काँग्रेस ,एमाले अनिदमाओवादि पक्कै भाथे होला । त्यसैले न नेताले न पाटि ( रास्वपा) नि दङ्ग नपरे हुन्छ चोर अपराधि र नैतिक हिन कार्यकर्ता त तिन्टा पाटिका मात्रै हुन हाम्रा हैनन ।भनेर यति लामो नाक नगर्दानि हुन्छ । अँझ कसैले हल्लाउन नसक्ने दुई तिहाईको सरकार चलाउँदै जानोस त्यै सरकारको आडमा तपाईंहर ( रबि र बालेन) ले गर्व गर्ने तिनै कार्यकर्ताले कति नाङ्गो नाच नाच्छन नाचेपछि था पाउनु होला । रास्वपाका कार्यकर्ता कस्ताछन भन्ने कुरा त भदौ २३/२४ मै देखियाछ नि । भदौका यी २ दिनमा के के गरिम भनेर त यीनकै कार्यकर्ताहरु सामाजिक सञ्जालाँ बक्दै हिँड्याछन अनि फेरि तिनैलाई ऐना देखाई रहनु पर्छ र ? मोरङ २ नंका कार्यकर्ता अर्थात काँग्रेसका मिनेन्द्र रजाललाई पछारेर आउने कार्यर्कर्ता यानेकि रास्वपा माननीयज्युको भन्दा बढि बदनाम ऐले त्याँका जनताको भै राख्याछ ।त्यस्तो उमेदवार छान्ने मोरङ २ का जनताको सोच र दिमाग भोट हाल्ने बेलाँ भैंसी चराउन गाथ्यो कि क्या भनेर मान्छेलाई कुरा गर्ने बहाना भै राख्याछ । स्वदेशमा केही गर्न नसकेर विदेशमा समेत बसेर चुनाबै लडनका लागि स्वदेश फर्किँदै गर्दा नाईजेरियन युवतिलाई गर्भवती बनाएर स्वदेश फर्केका नैतिक पतन देखिने अपराधमा संलग्न यस्ता व्यक्तिलाई टिकट दिँदा आँफुलाई दुधले नुहाएको पाटि सम्झिने नेताहरुले के हेरे होलान ? के उनिहरलाई आफ्ना कार्यकर्ताका त्यस्ता अपराध र अपराधीक मनोवृति बारे पटक्कै था थियन होला त । सदनाँ बोल्नेभनेर नाम लेखाका सांसद सामाजिक सञ्जालाँ भाईरल भा को सम्चार र तस्विर देखेछि सभामुखलाई थाहै नदिई सुटुक्क भागेछि विचरा सभामुख ,'माननीय कार्कीलाई सदनमा बोल्न दिन्छुझ भनेर कराई रहँदा उनी सदनाँ नभाको कुर ।था भएछि बल्ल पो रास्वपाका सांसदबीच कानेखुसी हुन थाल्यो ।सदनबाटै हराएका मोरङ २ का रास्वपाका सांसद कृष्ण कार्कीको खोजि पाटि वा सरकारले गरेर उनलाई कार्वाही गर्ला कि नगर्ला त्यो भने हेर्न बाँकी नै छ)

# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अनुमोदन
# जुम्लामा आगलागी र डढेलोको जोखिम बढ्दो

**◣गोल्डेन बुढा**
**जुम्ला, ५ जेठ ।**

जुम्लामा पछिल्ला वर्षहरूमा आगलागीका घटनाहरू व्यक्तिगत घरदेखि कृषि उत्पादन र वन सम्पदासम्म फैलिँदै जाँदा जनधनको क्षति निरन्तर बढ्दै गएको देखिन्छ । २०८२ साल चैतमा गुठिचौर गाउँपालिका-३ धापाखेतस्थित स्याउ बगैंचामा भएको आगलागीले 'अर्गानिक एप्पल एण्ड फर्म' अन्तर्गतका करिब तीन सय स्याउका बिरुवा नष्ट भए ।

गुठिचौर-५ कुम्डीका पूर्व गाउँपालिका अध्यक्षसमेत रहेका हरिबहादुर भण्डारीको उक्त बगैंचामा भएको क्षतिले झण्डै ९ लाख रुपैयाँ बराबरको नोक्सानी पुऱ्यायो। फल फुल्न थालेको, उत्पादनको आशा जगाएको बगैंचामा आगो सल्किँदा वर्षौंको श्रम, लगानी र भविष्यको योजना एकैछिनमा खरानी भएको भण्डारीको बताउँछन् ।

करिब ६१ हजार वर्गमिटर क्षेत्रफलमा फैलिएको बगैंचामा १ हजार ६ सय बिरुवा रहेका छन्, जसमा स्थानीय र फुजी जातका स्याउ समावेश छन् । यस्तै, २०८१ माघमा चन्दननाथ नगरपालिका-३ सिम्खाडामा भएको भीषण आगलागीले चन्द्रावती उपाध्याय र धर्मलाल उपाध्यायका घर पूर्णरूपमा नष्ट भए। मानवीय क्षति नभए पनि घरसँगै अन्न, लत्ताकपडा, नागरिकता, लालपुर्जा, गरगहना र नगदसमेत जलेपछि उनीहरूका परिवार तत्कालीन रूपमा बिचल्लीमा परे।चन्द्रावती उपाध्यायको घरमा मात्रै सुन, चाँदी, तामा, कास, खाद्यान्न, फर्निचर र संरचना गरी करिब ७७ लाख हजार रुपैयाँभन्दा बढी क्षति भएको तथ्यांक छ, भने धर्मलाल उपाध्यायको घरमा भएको क्षति १ करोड ७३ लाख ६७ हजार रुपैयाँभन्दा बढी क्षति भयो। २०८१ चैतमा चन्दननाथ-४ कालढुङ्गी नजिक शिवलक्ष्मी न्यौपानेको तीन तले घर जलेर पूर्ण रूपमा नष्ट भयो। खाद्यान्न, नगद, सुन, कपडा र सम्पूर्ण सामग्री जलेर करिब ९६ लाख १७ हजार ६ सय रुपैयाँभन्दा बढीको क्षति भएको प्रहरी विवरणमा उल्लेख छ ।

२०८२ चैतमा तिला गाउँपालिका-३ कुडारी बजारमा भएको अर्को आगलागीले भौतिक क्षति मात्र होइन, मानवीय क्षति पनि निम्त्यायो । कक्षा १० मा अध्ययनरत विद्यार्थी क्षितिज खत्रीको ज्यान गएको घटनाले आगलागीलाई आर्थिक क्षतिमा सीमित नराखी सामाजिक त्रासदीको रूपमा स्थापित गऱ्यो।यता, वन क्षेत्रमा पनि आगोको असर गम्भीर बन्दै गएको छ ।

डिभिजन वन कार्यालय जुम्लाका अनुसार गतवर्ष मात्रै २९ वन क्षेत्रमा लागेको डढेलोबाट ३ सय ३० हेक्टरभन्दा बढी वन क्षेत्र नष्ट भएको छ। चालु वर्षमा मात्र ६ स्थानमा डढेलो लागेर करिब १ सय हेक्टर वन क्षेत्र क्षति भएको छ,भने हालसम्म डढेलोबाट ९१ करोड ९७ लाख रुपैयाँभन्दा बढीको क्षति भएको तथ्यांक सार्वजनिक गरिएको छ।सोमबार जिल्ला प्रशासन कार्यालय र विपद् व्यवस्थापन समितिले मनसुन तथा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना-२०८३ अनुमोदन गरेको छ ।

**आन्तरिक पर्यटन प्रवर्द्धन गरौं ।**

- नेपालका हिमशृङ्खला, तालतलैया, निकुञ्ज तथा आरक्ष, धार्मिक एवं पर्यटकीय स्थलहरुको भ्रमण गरौं,
- जात्रा, नाचगान, भेषभुषा, साहित्य, कलालगायत नेपाली संस्कृतिको संरक्षण एवं प्रवर्द्धन गरौं,
- पर्यावरणमैत्री पर्यटनको विकास गर्दै जैविक विविधता संरक्षण गरौं,
- ग्रामीण पर्यटनका आधारको रुपमा रहेका होमस्टे, रैथाने खाना एवं सांस्कृतिक केन्द्रको विकास गरौं,
- पर्यटकको सेवा, सुरक्षा र सद्भावमा ध्यान दिऔं,
- स्वदेशी पर्यटकलाई प्रोत्साहन गरौं,
- आन्तरिक पर्यटनमार्फत रोजगारी सिर्जना गरौं ।

**पर्यटक हाम्रा पाहुँना हुन्, सहयोग र सम्मान गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

**९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर**

**हाम्रा विशेषताहरू**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

पश्चिम नेपालकै सबै भन्दा ठूलो २८x४० साईजको मेसिनबाट छपाई
RARA Printing Pvt.Ltd.
रारा प्रिन्टीङ्ग प्रा.लि.
Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.-११, NTV रोड, बाँके)




हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।
सम्पर्क नं.
९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९

**युगआह्वान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।